अनुसूची - २

(बुँदा ४.१सँग सम्बन्धित आवेदन)

जगन्नाथ गाउँ कार्यपालिकाको कार्यालय

जुड्डी, बाजुरा

प्रदेश, नं ७, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७५/५/१३)

१. जगन्नाथ गाउँपालिकाको लागी स्वास्थ्य चौकिहरु तथा सामुदायिक स्वास्थ्य इकाइमा रहने गरी स्वास्थ्य सहायक र अ.न.मी. को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म दरखास्त शूल्क हेल्थ असिस्टेन्ट पदको लागि रु ७००।– र अ.न.मी. पदको लागि रु ५००।- राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

| पद नाम | पद संख्या |
|---|---|
| Health Assistant (स्वास्थ्य सहायक) | २ |
| Auxiliary Nurse Midwife (अ.न.मी.) | ४ |

२. <u>शैक्षिक योग्यता र अनुभव (नमुना) :</u>

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता

स्वास्थ्य सहायकः नेपाल सरकारवाट मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट कम्तिमा ३ वर्षको Health Assistant कोर्ष उत्तिर्ण गरेको ।

अ.न.मी.: नेपाल सरकारवाट मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट कम्तिमा १८ महिनाको अ.न.मी. कोर्स उत्तिर्ण गरेको ।

३. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनुपर्ने ।

४. नेपाल मेडिकल काउन्सिल वा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

५. जगन्नाथ गाउँपालिका भित्र स्थायी बसोबास गरेका उम्मेदवारलाई विशेष ग्राह्यता दिइनेछ ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३. सेवा सुविधा गाउँकार्यपालिकाको निर्णयानुसार हुनेछ ।**

**४. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण (Bio Data), शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपि र जगन्नाथ गाउँपालिकामा स्थायी बसोबास गरेको उम्मेदवारको हकमा वडा कार्यालयको स्थायी बसोबासको सिफारिस पत्र संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।